Academic View

# नेपालको सुदूर पश्चिमी क्षेत्रका सवाईमा प्रयुक्त सन्दर्भ

**प्रेमप्रसाद चौलागाईं**
*नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौँ, नेपाल*
***इमेल :*** *prem.chaulagaein@trc.tu.edu.np*

**लेखसार**

*यो लेख व्यवस्थापरक तथा प्रकार्यपरक व्याकरणको प्रमुख सैद्धान्तिक मान्यता 'परिस्थितिगत सन्दर्भ'का आधारमा नेपालको सुदूर पश्चिमी क्षेत्रका सवाईमा प्रयुक्त सन्दर्भको विश्लेषणमा केन्द्रित छ । वाङ्मयका कुनै पनि विधामा प्रयुक्त सन्दर्भको विश्लेषण भाषाप्रयोगको तात्कालिक परिस्थिति र व्यापक परिस्थितिका आधारमा गर्न सकिन्छ भन्ने व्यवस्थापरक तथा प्रकार्यपरक व्याकरणको मान्यता हो । यसैले यस लेखमा पनि भाषाप्रयोगको तात्कालिक परिस्थिति र व्यापक परिस्थितिका आधारमा नेपालको सुदूर पश्चिमी क्षेत्रका सवाईमा प्रयुक्त सन्दर्भको विश्लेषण गरिएको छ । नमुना छनोट पद्धतिका आधारमा सङ्कलन गरी विश्लेषण गरिएका सवाईमध्ये 'छोरीको विरहको सवाई' बाट तत्कालीन समाजमा छोराछोरीका बिच भेदभाव रहेको र उक्त भेदभावको उन्मूलनबाट मात्रै नारी र पुरुष दुवैको कल्याण हुनुका साथै समग्र समाजको उन्नति हुन्छ भन्ने सन्दर्भगत अर्थ व्यक्त भएको छ भने 'उल्टा कलिकालको सवाई' बाट मानिसहरू सहजता, नियमनिष्ठता, मन, वचन र कर्ममा एकरूपता जस्ता मानवीय मूल्यमान्यतामा भन्दा देखावटीपन र कृत्रिमतामा रमाएका छन् र यस्तो स्थितिको अन्त्य नभई समाजको कल्याण र प्रगति हुन सक्दैन भन्ने सन्दर्भगत अर्थ व्यक्त भएको छ । यसरी सुदूर पश्चिमी क्षेत्रका सवाईले तत्कालीन समाजमा व्याप्त विकृतिको अन्त्य, मानवीय मूल्यमान्यताको संरक्षण र समाजसुधारको चाहनालगायतका विशिष्ट सामाजिक र सांस्कृतिक सन्दर्भ प्रस्तुत गरेका छन् भन्ने निचोड प्रस्तुत लेखबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी :** *अवधारणात्मक अर्थ, तात्कालिक परिस्थिति, परिस्थितिको सन्दर्भ, व्यापक परिस्थिति, सन्दर्भ*

## विषयपरिचय

जनसाधारणद्वारा सिर्जित विशिष्ट लयात्मक र स्वतःस्फूर्त अभिव्यक्ति सवाई हो । सवाई लयमा रचिएकाले सवाई नाम रहेको यो विधा नेपाली लोकसाहित्यको मौलिक विधा हो । सवाईमा लोकजीवनमा घटेका ऐतिहासिक, राजनैतिक, सामाजिक र प्राकृतिक घटनासँग सम्बद्ध विविध इतिवृत्त (लडाइँ, भूकम्प, अनिकाल, बाढीपैह्रो, आगलागी, भोकमरी आदि), दैनन्दिन जीवनका सुखदुःखका अनभूति, अर्तीउपदेश, व्यावहारिक ज्ञान, धार्मिक तथा आध्यात्मिक चिन्तन, प्रेमीप्रेमिकाका मिलनविरहका भावहरू, सामाजिक विकृति र विसङ्गतिहरू एवम् व्यक्तिविशेषका जीवनपद्धतिका विविध व्यापक र तात्कालिक सन्दर्भको अभिव्यक्ति भएको हुन्छ । यसैले नेपालको सुदूर पश्चिमी क्षेत्रमा प्रचलित सवाईले पनि यिनै विविध सन्दर्भलाई अभिव्यक्त गरेका छन् भन्न सकिन्छ । यो क्षेत्र सवाई प्रयोगका दृष्टिले नेपालकै समृद्ध क्षेत्रका रूपमा परिचित छ । यसैले पनि यस क्षेत्रमा प्रचलित सवाईको अध्ययन हुनु स्वाभाविकै हो हो । यस क्षेत्रमा प्रचलित सवाईको सङ्कलनका साथै यिनको यिनको संरचना, अर्थ

तथा सन्दर्भका विविध पक्षको अध्ययन भएको पाइन्छ । योगेन्द्रराज अवस्थीले स्नातकोत्तरस्तरीय शोधपत्र बैतडेली सवाईको सङ्कलन र विश्लेषण (२०६१) मा नेपालको सुदूर पश्चिमी क्षेत्र बैतडीमा प्रचलित सवाईको सङ्कलन तथा विश्लेषण गरेका छन् । यस्तै ध्रुवप्रसाद भट्टराईले नेपाली लोककविताको विमर्श (२०७५) मा नेपालको सुदूर पश्चिमी क्षेत्रमा प्रचलित सवाईको सङ्कलन गरी तिनको संरचनात्मक तथा अर्थतात्त्विक वैशिष्ट्य र सन्दर्भका कतिपय पक्षको अध्ययन गरेका छन् । सवाईमा प्रयुक्त सन्दर्भको अध्ययनका लागि डेल हाइम्सले प्रस्तुत गरेको स्पिकिङ : मोडेल (speaking model) का साथै व्यवस्थापरक प्रकार्यपरक व्याकरणको 'परिस्थितिको सन्दर्भ' (context of situation) का सैद्धान्तिक मान्यतालाई आधार बनाउन सकिन्छ । यी दुई सिद्धान्तमध्ये डेल हाइम्सद्वारा प्रस्तुत गरिएको र उत्तरवर्ती लोकसाहित्यविद् एवम् भाषाविद्हरूद्वारा परिवर्धन गरिएको स्पिकिङ मोडेलका कतिपय मान्यताका आधारमा सुदूर पश्चिमी क्षेत्रमा प्रचलित सबाईको सन्दर्भपरक अध्ययन भए पनि व्यवस्थापरक प्रकार्यपरक व्याकरणको 'परिस्थितिको सन्दर्भ' का आधारमा भने अध्ययन भएको छैन । यसैले प्रस्तुत लेख व्यवस्थापरक प्रकार्यपरक व्याकरणको परिस्थितिगत सन्दर्भले निर्देश गरेअनुसार नेपालको सुदूर पश्चिमी क्षेत्रमा प्रचलित सवाईमा केकस्तो सन्दर्भको केकसरी अभिव्यक्ति भएको छ भन्ने प्राज्ञिक समस्याको समाधानमा केन्द्रित छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएकाले पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस क्रममा नेपालको सुदूर पश्चिमी क्षेत्रमा प्रचलित सवाईको सङ्कलनका लागि योगेन्द्रराज अवस्थीको स्नातकोत्तरस्तरीय शोधपत्र बैतडेली सवाईको सङ्कलन र विश्लेषण (२०६१) र ध्रुवप्रसाद भट्टराईको नेपाली लोककविताको विमर्श (२०७५) लाई मुख्य आधार बनाइएको छ । सङ्कलित सवाईबाट नमुना छनोट पद्धतिका आधारमा 'छोरीको बिरहको सवाई' र 'उल्टा कलिकालको सवाई' शीर्षकका दुईओटा सवाईको चयन गरी तिनीहरूको सन्दर्भ पक्षको विश्लेषण गरिएको छ । सन्दर्भको विश्लेषणका लागि भाषाविद् फर्थ र ह्यालिडेका परिस्थितिगत सन्दर्भसम्बन्धी मान्यतालाई आधार बनाइएको छ र सोही आधारमा निगमनात्मक विधिको अनुसरण गरी उक्त सवाईमा प्रयुक्त सन्दर्भको विश्लेषण गरिएको छ ।

## सन्दर्भसम्बन्धी सैद्धान्तिक अवधारणा

सन्दर्भ शब्दले कुनै लेख, कुरो आदिको क्रम वा विषय प्रसङ्ग (पोखरेल र अरू, २०४०, पृ. १२९८) लाई बुझाए पनि यस प्रसङ्गमा चाहिँ भाषाविद् ह्यालिडेद्वारा प्रयुक्त 'परिस्थितिको सन्दर्भ (context of situation) पदावलीअन्तर्गतको सन्दर्भ शब्दलाई लिइएकाले यसले भाषिक संरचनाले निश्चित परिस्थितिमा सङ्केत गर्ने सन्दर्भपरक अर्थलाई बुझाएको छ । 'परिस्थितिको सन्दर्भ' पदावलीको प्रयोग सर्वप्रथम मानवशास्त्री मेलिनोब्स्कीले गरेका हुन् । पछि यही पदावलीलाई फर्थले भाषाविज्ञानमा प्रयोग गरे (ह्यालिडे र हसन, इ. १९९१, पृ. ६) । ह्यालिडेले पनि आफ्ना गुरु फर्थकै मान्यताको अनुसरण गरी परिस्थितिगत सन्दर्भको व्याख्या गरेका छन् । ह्यालिडेले सन्दर्भलाई भाषिक रूप र भाषिकेतर परिस्थितिलाई जोड्ने माध्यमका रूपमा लिएका छन् (क्राइस्टल, इ. २००३, पृ. १०४) । परिस्थितिको तात्पर्य सामाजिक परिस्थिति हो । हरेक सामाजिक परिस्थितिका आआफ्नै सन्दर्भ हुन्छन् र त्यसअनुरूप भाषाको प्रयोग हुने गर्दछ भन्ने परिस्थितिगत सन्दर्भको मुख्य मान्यता हो । ह्यालिडेले परिस्थितिगत सन्दर्भलाई क्षेत्र, सहभागी र पद्धति गरी तीन आयाममा वर्गीकरण गरेर व्याख्या गरेका छन् (ह्यालिडे र हसन, इ. १९९१, पृ. १२) । ह्यालिडेका अनुसार क्षेत्र भनेको विषय हो । राजनैतिक, सामाजिक र प्राकृतिक घटनासँग सम्बद्ध विविध इतिवृत्त (लडाइँ, भूकम्प, अनिकाल, बाढीपैह्रो, आगलागी, भोकमरी आदि), दैनन्दिन

जीवनका सुखदु:खका अनभूति, चिन्तन र व्यक्तिविशेषका जीवनपद्धतिका विविध विषयहरू क्षेत्रअन्तर्गत पर्दछन् । विषयअनुसार भाषिक प्रयोगमा विविधता हुन्छ भन्ने कुरा यसअन्तर्गत पर्दछ । सहभागी भन्नाले वक्ता र श्रोताका बिचको सम्बन्ध हो । वक्ता र श्रोताबिचको सम्बन्धका कारण पनि भाषिक प्रयोगमा भिन्नता हुने गर्दछ । व्यापारी र क्रेता, शिक्षक र विद्यार्थीका बिचको भाषिक प्रयोगमा भिन्नता हुनुमा सहभागीगत सम्बन्धकै भूमिका रहेको हुन्छ । यस्तै पद्धतिअन्तर्गत कथ्य र लेख्य रूपहरू पर्दछन् । कथ्य र लेख्य रूपमा भिन्नता हुनुमा पद्धतिकै भूमिका रहेको हुन्छ । जस्तो कि कथ्य भाषामा लेख्य भाषाको अपेक्षा नामपदको बाहुल्य हुन्छ भने क्रियापदको न्यूनता हुन्छ । वाक्यमा समेत क्रियापदको अध्याहार गर्नुपर्ने स्थिति आउँछ । यसरी परिस्थितिगत सन्दर्भ र त्यसअनुरूप भाषिक प्रयोगमा हुने भिन्नताको निर्धारणका लागि  क्षेत्र, सहभागी र पद्धतिको उल्लेख्य भूमिका रहेको देखिन्छ ।

कुनै पनि पाठमा प्रयुक्त शब्दको अर्थ के हो भन्ने कुराको निर्धारण परिस्थितिगत सन्दर्भबाट हुन्छ । यस तथ्यलाई रिचर्डस र अन्य (इ. १९९९, पृ. ८२) ले 'के तिमी युद्ध शब्दको को अर्थ जान्दछौ ?' (Do you know the meaning of the word war ?) भन्ने उदाहरणबाट स्पष्ट पारेका छन् । यस वाक्यमा प्रयुक्त युद्ध शब्दको अर्थ सन्दर्भबाट निर्धारित हुन्छ । शिक्षकले कक्षाकोठामा सोद्धा र घाइते सैकिले युद्धप्रिय नेतालाई सोद्धा 'युद्ध' शब्दको अर्थ फरक फरक हुने गर्दछ । शिक्षकले कक्षाकोठामा सोधेको 'युद्ध' शब्दले सामान्य रूपमा सङ्घर्ष वा लडाइँलाई सङ्केत गर्दछ भने घाइते सैनिकले युद्धप्रिय नेतालाई सोद्धा 'युद्ध' शब्दले विनाश, मृत्यु वा संहारलाई सङ्केत गर्दछ । यसरी एउटै 'युद्ध' शब्दले सन्दर्भअनुसार फरक फरक अर्थ दिने गर्दछ । यस्तै शब्दकोशमा रहेको 'खतरा' शब्द (सन्दर्भहीनताको अवस्था) ले कुनै पनि प्रकार्य गर्दैन वा शब्दकोशमा निर्धारित अर्थ मात्र हुन्छ तर त्यही 'खतरा' शब्द  विद्युत्तार जडान गरिएको खम्बामा आएको छ भने त्यसले खम्बामा छुनुहुँदैन अन्यथा छुने व्यक्तिको मृत्यु पनि हुन सक्छ भन्ने मृत्युरूप सामाजिक सन्दर्भलाई सङ्केत गरेको हुन्छ । यसरी भाषिक संरचनाबाट प्राप्त हुने कोशीय अर्थ सन्दर्भबाट निर्धारत हुन्छ भन्ने स्पष्ट हुन्छ ।

यस्तै भाषिक संरचनामा प्रयुक्त व्याकरणिक अर्थ पनि परिस्थितिगत सन्दर्भबाट नै निर्धारित हुन्छ । जस्तै (क) खरायो दगुऱ्यो (ख) बाघले खरायो खायो । यी दुई वाक्यमा प्रयुक्त 'खरायो' शब्द संरचनाका दृष्टिले एउटै देखिन्छ तर यहाँ सन्दर्भअनुसार 'खरायो' शब्दका भिन्नाभिन्नै अर्थ छन् । पहिलो वाक्यमा 'खरायो' कर्ताका रूपमा उपस्थित भएको छ भने दोस्रोमा कर्म । यस्तो अर्थ शब्दकोशबाट नखुली सन्दर्भबाट मात्र खुल्छ । शब्दकोशका शब्दहरू सन्दर्भविना उपस्थित हुँदा कुनै पनि प्रकार्य गर्न सक्दैनन् । यसैले कुनै पनि संरचनाले कस्तो अर्थ बुझाएको छ वा के कार्य गरेको छ भन्नका लागि त्यसलाई परिस्थितगत सन्दर्भबाट हेरिनुपर्दछ । यसर्थ सन्दर्भ परिस्थितिबाट निर्धारित हुन्छ ।

परिस्थितिलाई प्रकार्यवादी भाषाविद्हरूले तात्कालिक परिस्थिति, अवधारणात्मक परिस्थिति र व्यापक परिस्थिति गरी तीन प्रकारमा वर्गीकृत गरेका छन् (शर्मा, २०५५, पृ. २११) तात्कालिक परिस्थिति भन्नाले भाषाप्रयोगको स्थिति हो । जसको वर्णन भाषाले गर्छ वा जसका निम्ति भाषाको प्रयोग गरिन्छ त्यो अवधारणात्मक परिस्थिति हो । तात्कालिक परिस्थितिका सहभागीहरूको पृष्ठभूमि तयार गर्ने अवस्था चाहिँ व्यापक परिस्थिति हो । यसलाई बुझाउनका लागि ह्यालिडेले संस्कृतिको सन्दर्भ (Context of Culture) पदावलीको प्रयोग गरेका छन् । सहभागीका सामाजिक र साँस्कृतिक परिस्थिति रहेका हुन्छन् । उदाहरणका लागि 'ए, तिमीहरू बल्ल कक्षामा आइपुग्यौ ?' भन्ने वाक्यलाई लिन सकिन्छ । यस वाक्यमा प्रयुक्त संरचनाले विद्यार्थीका बारेमा वर्णन गरेकाले यहाँ विद्याथीहरू अवधारणात्मक परिस्थितिअन्तर्गत पर्दछन् । विद्यार्थी निर्धारित समयमा कक्षामा नआएको र शिक्षकले विद्यार्थीलाई सोधिरहेको अवस्थामा विद्यार्थीहरू कक्षामा प्रवेश गर्नु तात्कालिक परिस्थिति हो । व्यापक

परिस्थितिले वक्ताको पूर्वानुभवलाई बुझाएको हुन्छ । व्यापक परिस्थितिअन्तर्गत भाषिक संरचनाले सङ्केत गरेको कथ्य विषयअन्तर्गत जेजति पूर्वसूचनाहरू छन् ती सबै पर्दछन् । यसैले तात्कालिक परिस्थितिभित्र कोशीय अर्थ, व्याकरणात्मक अर्थ रहेका हुन्छन् भने व्यापक परिस्थितिअन्तर्गत सामाजिक सांस्कृतिक परिस्थिति र तिनबाट सङ्केतित हुने सन्दर्भपरक अर्थ रहेको हुन्छ । यसैले परिस्थितिलाई र भाषिक संचनालाई जोडेर अर्थ निर्धारण गर्ने माध्यम नै सन्दर्भ हो ।

## नेपालको सुदूर पश्चिमी क्षेत्रमा प्रयुक्त सवाई र तिनमा प्रयुक्त सन्दर्भ

नेपालको सुदूर पश्चिमी क्षेत्र सवाईप्रयोगका दृष्टिले उल्लेख्य क्षेत्र हो । यस क्षेत्रमा प्रचलित सवाईमा त्यहाँको विशिष्ट सामाजिक र साँस्कृतिक सन्दर्भको अभिव्यक्ति भएको पाइन्छ । यसैले यहाँ पनि सवाईको परिचय दिएर उक्त क्षेत्रमा प्रयुक्त सवाईको सन्दर्भको विश्लेषण गरिन्छ ।

सवाई शब्दको स्रोत, व्युत्पत्ति र अर्थका बारेमा मतैक्य भेटिँदैन । यो शब्द संस्कृतको संवाद (उपाध्याय, इ. २००२, पृ. १६, उद्धृत : भट्टराई, २०७५, पृ. ७ ३), सपाद (पराजुली, २०५७, पृ. ३६७-३६८) र हिन्दीको सवैया शब्दबाट आएको (भट्टराई, २०७५, पृ. ७३) हो भन्ने जस्ता विविध मतहरू उपलब्ध भए पनि नेपाली लोकसाहित्यका सन्दर्भमा प्रयुक्त सवाई शब्दले उपर्युक्त शब्दले दिने अर्थलाई पूर्णतः वहन गर्न नसक्ने भएकाले यस शब्दलाई नेपालीको मौलिक शब्दका रूपमा लिनु उपयुक्त हुन्छ । पराजुली (२०५८, पृ. ३८) मा पनि सवाईलाई नेपालीको मौलिक शब्दका रूपमा लिइएको छ । भट्टराई (२०७५, पृ. ७१) मा सवाईलाई नेपाली लोकसाहित्यको एक मौलिक लय (प्रत्येक चरणमा दशदेखि १४ अक्षर सम्म हुने लय) का साथै र उक्त लयमा रचित कविता/गीतका रूपमा चिनाइएको छ । पोखेरल र अरू (२०४०, पृ. १३२१) ले पनि नेपाली लोकसाहित्यको एक विशेष लय र उक्त लयमा रचित गीत वा कविता सवाई हो भनी परिभाषित गरेका छन् । यसैले सवाई नेपाली लोक साहित्यको मौलिक लय/छन्दका साथै उक्त लयमा रचित चतुष्पदी गीत वा कविता हो भन्नुपर्ने हुन्छ ।

सवाई नेपाली लोकसाहित्यको मौलिक विधा भएकाले यसको भाषिक संरचना पनि नितान्त मौलिक र विशिष्ट किसिमको छ। प्रायः सवाईको थालनी नै लोकसाहित्यका अन्य विधाको भन्दा नितान्त पृथक् किसिमले हुन्छ। 'सुन सुन पञ्च सवाई कहन्छु' बाट यसको थालनी हुन्छ। यस्तै यसमा लोकजीवनको अनुकूल क्षेत्रीय कथ्यभेदको प्रयोग भएको पाइन्छ । सवाईमा प्रयोक्ताको नाम, सवाईको विषय, घटना घटेको समय र स्थान आदिका बारेमा पनि जानकारी दिइएको हुन्छ। यस्तो जानकारीबाट सवाईको व्यापक र तात्कालिक स्थितिको बोध हुन निकै सहज हुने गर्दछ। केही सवाई चाहिँ भिन्न शैलीका पनि पाइन्छन् । जे भए पनि सवाईको शैली मौलिक हुन्छ र यो नेपाली लोकसाहित्यको मौलिक विधा हो भन्न सकिने स्थिति छ ।

लोक साहित्यका अन्य विधाझैँ सवाई पनि प्राचीन समयदेखि नै श्रुतिपरम्पराबाट पुस्तान्तरित हुँदै आएको विधा हो तर अहिले चाहिँ यो लिपिबद्ध रूपमा पनि उपलब्ध छ । यसैले यसका लिखित र अलिखित गरी दुई भेद देखिन्छन् । अलिखित सवाईहरू लोक समाजका सम्पत्तिका रूपमा परम्परादेखि मौखिक रूपमा सुनाइँदै आएका छन् भने लिखित सवाईहरू लेखकका कृतिका रूपमा प्रकाशित छन् । लिखित भेदअन्तर्गत हालसम्म प्राप्त सवाईमा लहरीको नाममा सवाई छन्दमा लेखिएको शशिधर स्वामी (१८०४-१९०५) को सच्चिदानन्द लहरीका केही पद्यमा सवाईको प्रयोग भएको बताइएको छ तापनि सवाई छन्दमै लेखिएको वसन्त शर्माको 'समुद्र लहरी' (१९०१) हालसम्म प्राप्त पहिलो सवाई हो । यसरी श्रुतिपरम्पराबाट पुस्तान्तरित हुँदै आएको विधा भए पनि अहिले यसका लिखित रूपहरू पनि उपलब्ध छन् ।

सवाईले नेपाली समाजका व्यापक र तात्कालिक परिस्थितिलाई समेटेको देखिन्छ । तात्कालिक परिस्थितिको निर्धारण व्यापक पस्थितिबाट हुन्छ । यी दुई परिस्थितिबाट क्रमशः अवधारणात्मक अर्थ र सन्दर्भगत अर्थको अभिव्यक्ति हुन्छ। नेपाली सवाईको व्यापक परिस्थितिअन्तर्गत मूलतः लोकजीवनमा घटेका ऐतिहासिक, राजनैतिक, सामाजिक र प्राकृतिक घटनासँग सम्बद्ध विविध इतिवृत्त (लडाइँ, भूकम्प, अनिकाल, बाढीपैह्रो, आगलागी, भोकमरी आदि), दैनन्दिन जीवनका सुखदुःखका अनभूति, अर्तीउपदेश, व्यावहारिक ज्ञान, धार्मिक तथा आध्यात्मिक चिन्तन, प्रेमीप्रेमिकाका मिलनविरहका भावहरू, सामाजिक विकृति र विसङ्गतिहरू एवम् व्यक्तिविशेषका जीवनपद्धतिका विविध पक्षहरू पर्दछन् । यही व्यापक परिस्थितिबाट सवाई प्रयोगको तात्कालिक परिस्थितिको चयन हुन्छ र यी दुवै किसिमका परिस्थितिबाट अवधारणात्मक अर्थ र सन्दर्भगत अर्थको अभिव्यक्ति हुन्छ । यसैले यस लेखमा पनि नेपालको सूदूर पश्चिमी क्षेत्रमा प्रयुक्त सवाईको व्यापक र तात्कालिक परिस्थितिको खोज गरी तिनका आधारमा निर्धारित हुने अवधारणात्मक अर्थ र सन्दर्भगत अर्थको विश्लेषण गरिएको छ ।

नेपालको सबैजसो क्षेत्रमा सवाईको प्रयोग भएको पाइए पनि पश्चिमी क्षेत्र चाहिँ यस दृष्टिले निकै समृद्ध छ। यस क्षेत्रमा सवाईको प्रयोग प्राचीन कालदेखि नै भएको पाइन्छ । यस क्षेत्रमा सवाई प्रयोक्तालाई राईभाट भन्ने गरिएको पाइन्छ। उक्त राईभाट नै अहिले भट्टराईमा थरमा परिवर्तन भएको छ (अवस्थी, २०६१, पृ.४६), (भट्टराई, २०७५, पृ. ७२) । अहिले चाहिँ यिनीहरूले गीत गाएर जीविका यापन गर्न छाडे पनि सवाई भने अहिले पनि गाउँदै आएको पाइन्छ । यस लेखमा पनि नेपालको पश्चिमी क्षेत्रमा प्रचलित सवाईमध्ये निम्नलिखित दुई सवाई 'छोरीको विरहको सवाई', 'उल्टा कलिकालको सवाई' मा प्रयुक्त सन्दर्भको विश्लेषण गरिन्छ :

## छोरीको विरहको सवाई र यसमा प्रयुक्त सन्दर्भ

यो सवाई नेपालको सुदूर पश्चिमी क्षेत्र बैतडी जिल्लामा प्रचलित सवाई हो । यसको भाषिक संरचना र स्वरूप निम्नानुसार रहेको छ :

(क) बुबाकी लणेली चेली रामचाखुणी नाउँ छ
माइत देश छुट्यो इजू डाँडापारि गाउँ छ
लागिगो चैतको महिना उइ बासली न्यौली
मेरा माइत्या रनबन फुलि रहेइ प्याउली ।

(ख) मेरो माया सकियो कि म छोरी होइन कि ?
भाइको भाग लागने ठौर मेरो भाग छैन कि ?
इजुले लाएको डाको राम चाखुणी भणी
म जान्थैँ इजुकी कोल बोलाएको सुणी ।

(ग) इजुका एकला घर को कुटलो धान
को अरलो चुलोचौको को अरलो पान
को जालो भैँसीका खर्क को काटलो घाँस
चाखुणी छनाइछ भणी जन मान्या आश ।

(घ) चर चर भैँसी आमा मेरो माइत्या वन
माइत्या देशको माया लाग्यो रुन्छ इजु मन
साउनका हरियो घोघा पोली खान भया।

यस सवाईको प्रयोगको अवस्था/तात्कालिक परिस्थिति अनि त्यसबाट निर्धारित हुने अवधारणात्मक अर्थ एवम् सवाई प्रयोगको व्यापक परिस्थिति र त्यसबाट निर्धारित हुने सन्दर्भगत अर्थको स्थिति निम्नानुसार रहेको छ :

## तात्कालिक परिस्थिति र अवधारणात्मक अर्थ

'छोरीको बिरहको सवाई' विवाहपछि महिलाले आफ्नो प्यारो जन्मभूमि छाड्नुपर्दाको पीडा व्यक्त गर्ने क्रम (तात्कालिक परिस्थिति) मा प्रयुक्त सवाई हो । यस क्रममा (क) मा विवाहित छोरीको परिचय (ख) मा बाबुआमाको सम्पत्ति पुरुष (भाइ) ले मात्र पाउने कि महिला (दिदी) ले पनि पाउने भन्ने प्रश्न (ग) मा माइती घरको सम्पूर्ण काम गर्ने जिम्मा महिलाको हुने र विवाहपछि महिलाले सम्पत्ति नपाउँदा पनि धान्नुपर्ने र (घ) मा विवाहित छोरीले आफ्नो माइतीप्रति गर्ने माया व्यक्त भएको छ । यी पद्यको तात्कालिक परिस्थितिका आधारमा व्यक्त हुने अवधारणात्मक अर्थ यसप्रकार छ :

(क) म बुबाकी प्यारी छोरी हुँ र मेरा नाम रामचाखुणी हो । आमा, मैले माइती गाउँ (विवाहपछि) छोड्नुपरयो । घर पनि डाँडापारिको गाउँमा छ । चैतको महिना लागिसक्यो । फेरि पनि त्यही न्यौली चरी बास्दी होली (विरहगीत गाउँदी होली) । मेरो माइतीको ओरिपोरि सबैतिर प्याउली फुलिरहोस् ।

(ख) मेरो माया सकियो कि ? म छोरी होइन कि ? भाइको भाग लाग्ने ठाउँमा मेरो (रामचाखुणीको) भाग छैन कि ? इजु (आमा) ले रामचाखुणी भनेर बोलाएपछि म उहाँको काखमा जान्थे ।

(ग) इजुको एक्लो घरमा कसले धान कुटला ?, कसले चुलोचौको गर्ला ? कसले लिपपोत गर्ला ? भैँसीको गोठमा को जाला ?, को घाँस काट्ला ? (भन्ने कुरा आएकामा) हे मान्यजनहरू, रामचाखुणी छँदैछ नि भनी आश गरे ।

(घ) हे भैँसी आमा, मेरो माइतीको वनमा चर । इजु, माइती देशको माया लाग्यो, (यसैले मेरो) मन रोइरहेको छ । साउनका हरियो घोघा (मकै) पोलेर खानका लागि तयार भइसके । माइत गाउँकी हे साथीसँगी, मलाई सम्झनू है ।

यसरी उपर्युक्त सवाईमा विवाहित छोरीको प्रत्यक्ष कथनबाट अवधारणात्मक अर्थ व्यक्त भएको छ । भाषाप्रयोक्ता सुदूर पश्चिमी क्षेत्रका भएकाले यस सवाईमा अवधारणात्मक अर्थ व्यक्त गर्नका लागि केही स्थानीय शब्द लणेली (प्यारी), रामचाखुणी (व्यक्तिवाचक नाम), नाउँ (नाम), इजू (आमा), लागिगो (लाग्यो, उइ (उही), बासली (गाउली, माइत्या (माइतीको), रनबन (सेरोफेरो), ठौर (ठाउँ), डाका (कोली) भणी (भनेर), कोल (काख), सुणी (सुनेर), एकलो (एक्लो) कुटलो (कुटला), अरलो (गर्ला), पान (लिपपोत), जालो (जाला), खर्क (घरभन्दा अलि टाढा रहेको गोठ), काटलो (काट्ला), छनाइछ (छदैँछ), मान्या (मान्नुहोस्) घोघा (मकै), भया (भयो) को पनि प्रयोग भएको छ र यी शब्दले सवाईलाई सहज, सरल, स्वाभाविक र लोकसाहित्यको अनुकूल बनाउन सघाएका छन् ।

## व्यापक परिस्थिति र सन्दर्भगत अर्थ

यो सामाजिक सन्दर्भमा प्रयुक्त सवाई हो । यस सवाईमा नेपाली समाजमा महिलाले भोग्नुपरेको पीडाको स्थिति व्यक्त भएको छ । आफ्नो जन्मघर छोडेर कर्मघर गएकी छोरीले गरेको बिलौना, एकै आमाबुवाका कोखबाट जन्मेका दुई सन्तानमध्ये एक (छोरी) ले कर्मघर अर्थात् पराइघर जानुपर्ने, छोराले अंश पाउने पितृसत्तात्मक

सामाजिक परिवेश यसको व्यापक परिस्थिति हो । यस व्यापक परिस्थितिबाट निम्नानुसारको सन्दर्भगत अर्थ व्यक्त भएको छ :

(क) नेपाली समाज पितृसत्तात्मक समाज भएकाले नारीले विवाहपछि कर्मघर अर्थात् पतिको घर जानुपर्छ । यसैले यहाँ एउटी छोरीले पहिले आमाबुवाको माया पाएको, उनीहरूकै काखमा हुर्किएको, आमाले माया गरेर बोलाउँदा हुत्तिएर जाने गरेको जस्ता सुखद क्षण सम्झेकी र विवाहपछि आफ्नो जन्मघर छाडेर कर्मघर अर्थात् पतिको घर जानुपर्ने कारण के हो भनेर प्रश्न गरेकी छन् । आफू छोडेको गाउँठाउँ छोड्नु पक्कै पनि असह्य कुरो हो । यसमा पनि बुवाआमाकी अत्यन्तै मन पर्ने प्यारी छोरी भएपछि त झन् के भन्नू र ? तर पनि नेपाली समाजमा छोरी भएर जन्मेपछि उनीहरूले विवाहपछि जति नै प्यारो भए पनि आफ्नो मातृभूमि छोड्नैपर्छ भन्ने सन्दर्भगत अर्थ यस सवाईबाट व्यक्त भएको छ ।

यस्तै यस सवाईबाट प्राकृतिक परिस्थिति पनि व्यक्त भएको छ । चैतको महिनामा न्याउली चरी बास्दा हुने आनन्द र प्याउली फूल फुल्दा देखिने सौन्दर्य अत्यन्तै मनमोहक हुने र यस्तो दृश्यले विरहमा परेका व्यक्तिलाई अझ भावुक बनाउने स्थिति व्यक्त भएको छ । चैतवैशाख महिना ऋतुराज वसन्तका महिना हुन् । यसमा फुल्ने फूलले धेरै समयपछि मिलेका जोडीलाई त पक्कै पनि आनन्द दिन्छ तर यही फूल भने विरही व्यक्तिका लागि दुःखदायी पनि बन्न सक्छ भन्ने सन्दर्भगत अर्थ प्याउलीको फूलले सङ्केत गरेको छ भने न्याउलीको विरह गीतले चाहिँ बिछोडमा परेका व्यक्तिलाई केही सहानुभूति दिएको प्रतीत हुन्छ । वियोगसंयोग वा सुखदुःख जीवनका शृङ्खला हुन् । सुखपछि दुःख आउनु, दुःखपछि सुख आउनु रातपछि दिन र दिनपछि रात आउनु जस्तै प्राकृतिक नियम हुन् । यी सुखदुःखहरू रथको चक्का घुमेजस्तै घुमिरहन्छन् (चक्रवत् परिवर्तन्ते सुखानि च दुखानि च) भन्ने पूर्वीय दार्शनिक सन्दर्भ पनि यसको सन्दर्भगत अर्थका रूपमा व्यक्त भएको छ ।

(ख) मा व्यापक परिस्थितिअन्तर्गत पितृसत्तात्मक नेपाली समाजको चित्र प्रस्तुत भएको छ । यस व्यापक परिस्थितिबाट व्यक्त सन्दर्भगत अर्थ यस प्रकार छ :

छोरा र छोरी दुवै सन्तानका दृष्टिले समान भए पनि पितृसत्तात्मक समाजमा सम्पत्तिका साथै बाबुआमाको माया पनि छोराले बढी मात्रामा पाउँदछ । त्यसैले यहाँ एउटी विवाहित छोरीले मेरो माया सकियो कि ? म छोरी होइन कि ? भाइको भाग लाग्ने ठाउँ मेरो (रामचाखुणीको) भाग छैन कि ? भनेर प्रश्न गरेकी छन् । नेपाली समाजमा महिलाले विवाहपछि दाइजोबाहेक अन्य सम्पत्ति खासै पाउँदैनन् भन्ने सन्दर्भगत अर्थ पनि यस सवाईबाट व्यक्त भएको छ । समग्रमा भन्दा पितृसत्तात्मक समाजमा नारीहरू सम्पत्तिका दृष्टिले स्वतन्त्र नहुनुमा 'बाल्यकालमा पिताले रक्षा गर्नुपर्छ, युवा अवस्थामा पतिले र वृद्धावस्थामा पुत्रले रक्षा गर्नुपर्छ, यसैले नारी कहिल्यै स्वतन्त्र हुन्नन्' (पिता रक्षति कौमारे, भर्ता रक्षति यौवने । पुत्रश्च स्थविरे भावे, न स्त्री स्वातन्त्र्यमर्हति ॥) भन्ने मनुस्मृति (३.६५) मा प्रयुक्त सामाजिक सन्दर्भको प्रभाव रहेको देखिन्छ ।

(ग) मा केही फरक प्रकृतिको सामाजिक परिस्थिति व्यक्त भएको छ । सामान्यतः बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामाथि भन्ने सामाजिक मान्यता रहे पनि यस सवाईमा केही फरक विचार प्रस्तुत भएको छ । यसैले यहाँ बाबुआमाबाट टाढा रहनुपर्दा एउटी छोरीले आमाको घरमा कसले धान कुटला ?, कसले चुलोचौको गर्ला ? लिपपोत कसले गर्ला ? भैंसीको गोठमा को जाला ?, को घाँस काट्ला ? जस्ता प्रश्न उठेमा म छँदैछु नि भन्नुले बाबुआमालाई छोराले भन्दा छोरीले बढी माया गर्छन् भन्ने सन्दर्भगत अर्थ व्यक्त भएको छ ।

(घ) मा व्यापक परिस्थितिअन्तर्गत विवाहपछि पनि चेलीले आफ्नो माइतीप्रति माया गर्ने गरेको सामाजिक परिस्थिति व्यक्त भएको छ । यस व्यापक परिस्थितिबाट व्यक्त हुने सन्दर्भगत अर्थ यस प्रकार रहेको छ :

आफ्नो जन्मभूमिलाई कुनै पनि सहृदयी व्यक्तिले बिर्सँदैन । श्रीमद्वाल्मीकिरामायण (६.१२४.१६) मा 'जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छन्' (जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी) भन्ने उल्लेख भएझैँ प्रत्येक व्यक्तिका लागि जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छन् । यसैले यहाँ पतिको घरमा गएकी चेली आफ्नो जन्मभूमिलाई सम्झँदै भन्दछिन् : भैँसी, मेरो माइतीको वनमा चर । इजु, माइती देशको माया लाग्यो, (यसैले मेरो) मन रोइरहेको छ । साउनका हरियो घोघा (मकै) पोलेर खानका लागि तयार भइसके । माइत गाउँकी हे साथीसँगी, मलाई सम्झनू है ।

समग्रमा यस सवाईबाट छोरीको लागि माइती नै सर्वस्व हो तर पितृसत्तात्मक समाजले यो नबुझी ती छोराछोरीका बिच भेदभाव गरेको छ र उक्त भेदभावको अन्त्य हुनुपर्छ अनि मात्रै नारी र पुरुष दुबैको कल्याण हुनुका साथै समाजको उन्नति हुन्छ भन्ने सन्दर्भगत अर्थ व्यक्त भएको छ । यस्तै सामाजिक क्षेत्र (विषय) लाई समेटिएको यस सवाईमा मुख्य सहभागी (वक्ता) का रूपमा छोरीको उपस्थिति छ भने अन्य अप्रत्यक्ष सहभागी (श्रोता) का रूपमा मुख्य सहभागीका आमाबुवा, दाजुभाइ र छिमेकी रहेका छन् । यसमा कथ्य भेदको बाहुल्य भएकाले लणेली, रामचाखुणी, नाउँ, इजू जस्ता स्थानीय शब्दको प्रयोग भएको छ ।

## उल्टा कलिकालको सवाई र यसमा प्रयुक्त सन्दर्भ

यो सवाई पनि नेपालको सूदूर पश्चिमी क्षेत्र बैतडी जिल्लामा प्रचलित सवाई हो । यो सवाई वि.सं. २०४९मा रचिएको हो । यसको संरचना र स्वरूप यसप्रकार छ :

(क) सुन सुन पञ्च जनौ सुन सबै भाइ, २०४९ सालको कहन्छु सवाई ।
हातमा कलम समाई लेख्छु तेरइ भर नाउ हो मेरो गणेश दत्त भट्टराई थर ।

(ख) गाउँ विकास सकार पऱ्यो हुलाक पाटन, यो ठाउँमा मुस्किलै भयो जिन्दगी काट्न
भर भक्कल तेरोई अट्ठौ घरैपर माटी, सेवा सत्कार तेरोई अट्ठो तैँले मलाई ढाँटी ।

(ग) मान्छेहरू पागल भए यो कलि जुगले, बेइता स्वास्नी माइता बसी सौताका दुखले
सुन सुन दाजु भाइ हात जोडेर भन्छु, बेइता स्वास्नी छोड्यौ भन्या पछि पछुताउँछौ ।

(घ) बाल राख्ने कमिजसम्म उपर लाउने जाकिट,
लिभाइजरका पाइन्ट लाउँछन् खाली हुन्छन् पाकेट
पाउमा लेदरका जुत्ता आँखैमा चसमा
खानाकीलाई दानु छैन घुम्छन् मिनी बसमा
नाइलिनको मान्यता छैन खद्दरका के कुरा ।

यस सवाईको प्रयोगको अवस्था/तात्कालिक परिस्थिति अनि त्यसबाट निर्धारित हुने अवधारणात्मक अर्थ एवम् व्यापक परिस्थिति र त्यसबाट निर्धारित हुने सन्दर्भगत अर्थको स्थिति निम्नानुसार रहेको छ :

## तात्कालिक परिस्थिति र अवधारणात्मक अर्थ

यो वि.सं २०४९ सालको नेपाली समाजमा देखिएका विकृति र विसङ्गति प्रस्तुत गर्ने क्रममा प्रयुक्त सवाई हो । यसैले वि.सं २०४९ को समयको नेपाली समाजमा देखिएका विकृति र विसङ्गति प्रस्तुत गर्नु नै यस सवाईको तात्कालिक परिस्थिति हो । उक्त तात्कालिक परिस्थितिका आधारमा व्यक्त अवधारणात्मक अर्थ यसप्रकार रहेको छ :

(क) पञ्च जन र सबै भाइ, सुन्नुहोस्, २०४९ सालको सवाई भन्दछु, तेरो (कलियुगको) भर परेर हातमा कलम समाई लेख्छु । मेरो नाम गणेश दत्त हो भने थर चाहिँ भट्टराई हो ।

(ख) सकार गाउँ विकास र हुलाक पाटन बस्ने मेरा लागि (यस कलियुगको प्रभावका कारणं) यस ठाउँमा जिन्दगी काट्न मुस्किल भयो । कलियुग (समय) कै भर परेको छु, घर पनि माटो (कृषि) कै भरमा चलेको छ, सेवा सत्कार पनि तेरै (समयकै) गरेको छु, तैले चाहिँ मलाई ढाँटेर हिँड्ने गरेकामा मेरो चित्त दुःखेको छ) ।

(ग) यस कलियुगले गर्दा मान्छेहरू पागल भए, विवाहिता श्रीमती सौताको डरले माइती घर बस्नुपरेको छ, यसैले सम्पूर्ण दाजुभाइहरू ध्यान दिएर सुन्नुहोस्, विवाहिता श्रीमतीलाई छोडे पछुताउनुपर्ने हुन्छ ।

(घ) कलियुगमा मानिसहरू कमिजसम्म पुग्ने लामो कपाल राख्ने, ज्याकेट लगाउने, लिभाइजरको पाइन्ट लगाउने गर्दछन् तर प्याकेट भने खाली हुन्छ । खुट्टामा छालाका जुत्ता, आँखामा चस्मा लगाएका हुन्छन् तर खानका लागि घरमा दानासम्म हुँदैन तैपनि मिनिबसमा घुम्छन् । नाइलिनलाई समेत मान्यता दिँदैनन् भने खद्दरको त के कुरा ? (नाइलिन र खद्खरको कपडा लगाउँदैनन् त्यसभन्दा महङ्गा कपडा मात्र लाउँछन्) ।

यसरी उपर्युक्त सवाईमा सुदूर पश्चिमी क्षेत्रका बासिन्दा गणेशको प्रत्यक्ष कथनबाट अवधारणात्मक अर्थ व्यक्त भएको छ । भाषाप्रयोक्ता सुदूर पश्चिमी क्षेत्रको भएकाले यस सवाईमा अवधारणात्मक अर्थ व्यक्त गर्नका लागि केही स्थानीय शब्द तेरइ (तेरै) नाउँ( नाम), भरभक्कल (भरोसा) अद्दो (गर्दछु) बेइता (विवाहित), उपर (माथि), जाकिट (ज्याकेट) ले सवाईलाई सहज, सरल र स्वाभाविक र लोकसाहित्यको अनुकूल बनाउन सघाएका छन् ।

## व्यापक परिस्थिति र सन्दर्भगत अर्थ

यो सामाजिक सन्दर्भमा प्रयुक्त सवाई हो । कलियुगीन विकृति र विसङ्गतिले ग्रस्त नेपाली समाज यस सवाईको व्यापक परिस्थिति हो । यस व्यापक परिस्थितिबाट निम्नानुसारको सन्दर्भगत अर्थ व्यक्त भएको छ :

(क) अहिले (कलियुग) को समय विकृति र विसङ्गतिले ग्रस्त छ । सत्य, त्रेता, द्वापर र कलिमध्ये कलियुगलाई अधर्मको मित्रका रूपमा लिइएको छ । भागवतमाहात्म्य (१.३०) मा उल्लेख भए अनुसार 'अधर्मको मित्र कलियुगद्वारा पृथिवी पीडित भएकी छन्' (कलिनाधर्ममित्रेण धरेयं बाधिताधुना) । यसैले यहाँ सवाई प्रयोक्ता गणेशदत्त भट्टराई पञ्चजनलाई सम्बोधन गर्दै २०४९ सालमा उनले देखेका र भोगेका विकृति र विसङ्गति प्रस्तुत गरेका छन् । यसरी यस सवाईबाट अहिले (कलियुग) को समय विकृति र विसङ्गतिले ग्रस्त छ र यिनलाई हटाउन सकेमा मात्र सबैको कल्याण हुन्छ भन्ने सन्दर्भगत अर्थ व्यक्त भएको छ ।

(ख) कलियुगको प्रभावका कारणं यस ठाउँमा जिन्दगी काटन मुस्किल भएको छ । समाजमा एकअर्काबिच विश्वास गर्न नसकिने स्थिति आएको छ र मानवीय मूल्य दिनप्रतिदिन घट्दै गएको छ । यसर्थ कलियुगीन कुप्रभावलाई हटाउनु सबैको दायित्व हो भन्ने सन्दर्भगत अर्थ पनि यस सवाईबाट व्यक्त भएको छ ।

(ग) कलियुगका मानिसहरू विवेकहीन भएका छन् । मानिसहरूले आफ्नो कर्तव्य बिर्सेका छन्, विशेष गरी पुरुषहरूले । विवाहित नारी सौताको डरले माइती घर बस्नुपरेको छ । 'जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवता रमाउँछन्' (यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः) भन्ने पूर्वजको उपदेशलाई सुन्ने र अनुसरण गर्ने व्यक्तिको अभाव छ । यसैले अहिलेका विवेकहीन मानिसहरू पशुभन्दा पनि गएगुज्रेका (पागल) छन् । पागल व्यक्तिले जति

दुःख दिन्छ त्यति दुःख पशुले दिँदैन । पागल व्यक्ति आफू पनि सुखी हुन सक्दैन र अरुलाई पनि सुखी बन्न दिँदैन । यसर्थ त्यस्ता व्यक्तिलाई नसुधारेसम्म समाजको उन्नति हुँदैन ।

(घ) मानिसहरू छेपारे प्रवृत्ति र दानव स्वभावका छन् अर्थात् उनीहरूको मन, वचन, र कर्ममा एकरूपता छैन । उनीहरू मनले एउटा कुरा सोच्छन्, त्यसभन्दा फरक कुरा बोल्दछन् सोचेको र बोलेको भन्दा फरक व्यवहार गर्दछन् । घरमा खानका लागि दाना (खाद्यान्नको अलिकति अंश) सम्म नहुँदा पनि मानिसहरू बाह्य पोसाक र तडकभडकमा अत्यन्तै रमाइरहेका देखिन्छन् । यस्ता व्यक्तिहरू कमिजसम्म पुग्ने लामो कपाल पाल्ने, ज्याकेट लगाउने, लिभाइजरको पाइन्ट लगाउने गर्दछन् तर उनीहरुको प्याकेट भने खाली हुन्छ । खुट्टामा छालाका जुत्ता, आँखामा चस्मा लगाएका हुन्छन् तर खानका लागि घरमा दानासम्म हुँदैन तैपनि मिनिबसमा घुम्छन् ।

समग्रमा भन्दा यस सवाईबाट सहजता, नियमनिष्ठता र मन, वचन र कर्ममा एकरूपता जस्ता मानवीय मूल्यमान्यतामा भन्दा देखावटीपन र कृत्रिमतामा समाज रमाउन थालेको सन्दर्भ व्यक्त भएको छ । यस्तै यस सवाईमा परम्परागत मूल्यमान्यता विकृत र विसङ्गत बन्दै गएका छन् । पाश्चात्त्य संस्कृतिको अन्धानुकरणले जरो गाडेको छ, जनजीवनमा आएको नयाँ फेसन गरिबले पुरा गर्न नसकी हेपिनुपर्ने स्थिति आएको छ, । यस्तो स्थितिको अन्त्य नभई समाजको कल्याण र प्रगति हुन सक्दैन भन्ने सामाजिक सन्दर्भ व्यक्त भएको छ ।

यसरी वि.सं २०४९ साल (कलियुग) को नेपाली समाजमा देखिएका विकृति र विसङ्गति प्रस्तुत गर्ने क्रम/तात्कालिक परिस्थितिमा प्रयुक्त यस सवाईबाट नेपाली समाज विकृत र विसङ्गत बनेको सन्दर्भ व्यक्त भएको छ । यस्तै सामाजिक क्षेत्र (विषय) लाई समेटिएको यस सवाईमा मुख्य सहभागी (वक्ता) का गायक स्वयम्को उपस्थिति छ भने अन्य अप्रत्यक्ष सहभागी (श्रोता) का रूपमा सवाई प्रयोगकालीन समाजका सम्पूर्ण व्यक्तिहरू रहेका छन् । यसमा कथ्य भेदको बाहुल्य भएकाले तेरइ, नाउँ, भरभक्कल, अट्टो, बेइता जस्ता स्थानीय शब्दको प्रयोग भएको छ ।

## निष्कर्ष

जनसाधारणद्वारा सिर्जित विशिष्ट लयात्मक र स्वतःस्फूर्त अभिव्यक्ति सवाई हो । सवाईमा जनसाधारणले विविध अवस्थाका कारण भोग्नुपरेका सुखदुःखसँग सम्बद्ध विभिन्न सन्दर्भको अभिव्यक्ति भएको हुन्छ । नेपालको सुदूर पश्चिमी क्षेत्रका सवाईमा पनि यस्तै सामाजिक र सांस्कृतिक सन्दर्भको अभिव्यक्ति भएको छ । सुदूर पश्चिम क्षेत्रका सवाईमध्ये 'छोरीको विरहको सवाई' विवाहपछि महिलाले जन्मभूमि छाड्नुपर्दाको पीडा व्यक्त गर्ने क्रम/तात्कालिक स्थितिमा प्रयुक्त सवाई हो । एकै आमाबुवाका कोखबाट जन्मेका दुई सन्तानमध्ये एक (छोरी) ले कर्मघर अर्थात् पराइघर जानुपर्ने, छोराले अंश पाउने पितृसत्तात्मक सामाजिक सन्दर्भ यस सवाईबाट अभिव्यक्त भएको छ । यस्तै यस सवाईबाट प्राकृतिक सन्दर्भ पनि व्यक्त भएको छ । यसमा वसन्त ऋतुमा फुल्ने फूलले धेरै समयपछि मिलेका जोडीलाई त पक्कै पनि आनन्द दिन्छ तर यही फूल भने विरही व्यक्तिका लागि दुःखदायी पनि बन्न सक्छ भन्ने प्राकृतिक सन्दर्भगत अर्थ व्यक्त भएको छ। यस्तै यस क्षेत्रमा प्रचलित 'उल्टा कलिकालको सवाई' वि.सं २०४९ साल (कलियुग) को नेपाली समाजमा देखिएका विकृति र विसङ्गति प्रस्तुत गर्ने क्रममा प्रयोग भएको सवाई हो । यस सवाईबाट कलियुगीन विकृति र विसङ्गतिले ग्रस्त नेपाली समाजको सन्दर्भ व्यक्त भएको छ । यसरी नेपालको सुदूर पश्चिमी क्षेत्रमा प्रचलित सवाईहरूले त्यस क्षेत्रको र तत्कालीन समाजको सामाजिक, सांस्कृतिक र प्राकृतिक सन्दर्भलाई व्यक्त गरेका छन् ।

## सन्दर्भसामग्री


अवस्थी, योगेन्द्रराज (२०६१), *वैतडेली सवाईको सङ्कलन र विश्लेषण,* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.) ।

गिरि, रामानन्द (२०७०), *श्रीमद्भागवतमहापुराण : नेपालीमा अनुवाद,* रामानन्दी टीका, (आठौँ खण्ड) तनहूँ : महेश सँस्कृत गुरुकुल ।

न्यौपाने, भुवन (२०६९), *विश्वेश्वर कोइरालाका कथामा सम्बन्धन व्यवस्था,* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ।

पन्त, जयराज (२०७०), *नेपाली लोकवार्ता भाग १,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,* काठमाडौँ : वीणा प्रकाशन प्रा.लि ।

पोखरेल बालकृष्ण र अरू, सं. (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), *लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

भट्टराई, ध्रुवप्रसाद (२०७०), *नेपाली लोककविताको अध्ययन,* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत विद्यावारिधीय शोधप्रबन्ध (अप्र) ।

.....................(२०७५), *नेपाली लोककविताको विमर्श,* काठमाडौँ : ओरियन्टल पब्लिकेसन ।

मनुस्मृति (२०६४), *गिरिजाप्रसाद द्विवेदी,* अनु. लखनउ : मुन्सी नवलकिशोर छापाखाना ।

योगी, नरहरिनाथ (२०१३), *इतिहास प्रकाश भाग- ५,* काठमाडौँ : इतिहास प्रकाश सङ्घ ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

शास्त्री, रामचन्द्र (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

*श्रीमद्वाल्मीकीयरामायण* (२०६५), पैँतिसौँ संस्क., गोरखपुर : गीताप्रेस ।

Crystal, David (2003), *A Dictionary of Linguistics and Phonetics,* London: Blackwell Publishing Ltd.

Haliday, M.A.K. and Hasan Ruqaiya (1991), *Language, context and tex: aspects of language in a social-semiotic perspective*. second Ed. Oxford: Oxford University Press .

Richards, Jac C and at.al (1999), *Longman Dictionary of Language Teaching and Applied Linguistics,* Longman.